जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २७७ २०७९ साल जेठ ३० गते सोमबार (13 June 2022 Monday) मूल्य रु. ५/-

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

➢ सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
➢ सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
➢ सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
➢ गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
➢ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : हदम्याद हटाउने कि... ३ पृष्ठमा : किसानलाई मल र विद्यार्थीलाई... ३ पृष्ठमा : युक्रेनलाई थप सैन्य सहयोग..

## रेल दुर्घटनामा परी काँग्रेस नेता साहको निधन

**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

नेपाली काँग्रेसका स्थानीय पुराना नेता रामस्वरुप साहको तीर्थ यात्राका क्रममा रेल दुर्घटनामा परी निधन भएको छ ।

दुर्घटनास्थल भारतको नयाँ दिल्लीबाट बाकसमा राखी उनको शव आईतवार विहान घर ल्याईपुऱ्याए पछि आवश्यक विधी सकाएर अन्त्येष्टी गरिएको परिवारजनले जनाएको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ६ खुदीबखारी निवासी ५० वर्षिय साह ५ दिन अघि तीर्थ यात्राका लागी पत्नीसहित भारततर्फ प्रस्थान गरेका थिए ।



शुक्रवार विहान उनी चढेको रेल दिल्ली पुग्नै लाग्दा क्रसिंगका कारण एक छिन रोकिएको थियो । सोही क्रममा पानी लिन उत्रेका साह रेल खुले पछि दौडेर चढ्ने क्रममा चिप्लिएर रेलको चक्का मुनी पुगेका थिए ।

घटनास्थलमै मृत्यु भएको उनको मृत शरिर आवश्यक प्रक्रिया पुऱ्याई भारतीय प्रहरीले आफन्तलाई बुझाए पछि घर ल्याइ अन्त्येष्टी गरिएको छोरा शंकरले बताए ।

तत्कालिन वडा नम्बर ९ खुदीबखारीको नेपाली काँग्रेसको तर्फबाट २ पल्ट वडाअध्यक्ष समेत रहिसकेका साहको निधनले पार्टीलाई अपुर्णिय क्षति भएको केन्द्रीय सदस्य दिनेश यादवले बताए ।

काँग्रेसका स्थानीय नेता कुलानन्द यादव सहितका नेताले चारतारे झण्डा ओढाएर उनलाई अन्तिम श्रद्धाञ्जली दिएका थिए ।

## मधेसमा समृद्धिको आधार कृषि : मुख्यमन्त्री राउत

महोत्तरी, २९ जेठ (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले समृद्धिको मुख्य आधार कृषि भएको बताउनुभएको छ । महोत्तरी चेम्बर अफ कमर्सले शनिबार साँझ बर्दिबासमा आयोजना गरेको 'युवा उद्यमशीलतामा स्थानीय सरकारको भूमिका' विषयक अन्तक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले कृषिलाई मुख्य प्राथमिकतामा राखी समृद्धिको बाटो फराकिलो बनाउन आवश्यक छ भन्नुभयो ।

प्रदेशको आर्थिक अग्रगतिको मुख्य आधार कृषि भएको हुँदा यसको आधुनिकीकरण र सुविधा वृद्धि पहिलो आवश्यकता बनेको उहाँको भनाइ छ । समयमा मलखाद, बीउबिजन र सिँचाइको सुविधा पुऱ्याउन सके किसानको जीवनस्तरमा सुधार र मुलुकको आर्थिक उन्नतिमा टेवा पुग्ने चर्चा गर्दै उहाँले मलखाद समयमा नपाएर किसानले खेतीका बेला बर्सेनि रुने अवस्था दुःखदायी रहेको छ भन्नुभयो ।

"कृषि समृद्धिको मुख्य आधार भन्ने कुरामा सबै सहमत छौं, तर मलखाद, बीउबिजन समयमा किसानलाई दिनसकेका छैनौं", मुख्यमन्त्री राउतले भन्नुभयो, "सङ्घीय सरकारले समयमा कृषि सामग्री उपलब्ध गराउन नसकेपछि अब यसको आपूर्तिको जिम्मा प्रदेश सरकारलाई दिनपर्छ ।" आफू कहिल्यै समयमा मलखादको प्रबन्ध गर्न नसक्ने र त्यो अभिभारा विकेन्द्रित पनि नगर्ने सङ्घीय सरकारको अड्डीले कृषि सामग्रीको आवश्यकता समयमा परिपूर्ति हुन नसकेको उहाँको भनाइ छ ।

मुख्यमन्त्री राउतले मुलुकमै कृषि उद्योग स्थापनाका लागि लगानी बढाउने वातावरण सरकारले बनाउनुपर्ने उल्लेख गर्नुभयो । "मधेस सरकारले प्रदेशभित्र यस्ता उद्योग खोल्न चाहनेलाई २० वर्षसम्म कर नलिने र जग्गा लिजमा उपलब्ध गराउने कानुन नै बनाएको छ", मुख्यमन्त्री राउतले भन्नुभयो, "तर सङ्घ र प्रदेश सरकारबीच यसको समन्वय नहुँदा उद्यमी उत्साही हुनसकेका छैनन् ।"

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले सीप अभिवृद्धि र उद्यम स्थापनामा आफ्नो संस्था सहयोगी रहने प्रतिबद्धता जनाउनुभयो । सीप सिकाउने र युवालाई साना उद्यम सञ्चालन गर्न प्रेरित गर्ने कुरामा स्थानीय र प्रदेश सरकारसँग समन्वय गरिने उहाँले बताउनुभयो ।

कार्यक्रममा जिल्लामा भर्खरै सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिलाई सम्मान गरिँदै प्रत्येक स्थानीय तहमा स्थानीय सीप बढाउने नीति बनाउन कमर्सले अपिल गरेको छ । कार्यक्रम नेपाल चेम्बर अफ कमर्स महोत्तरीका अध्यक्ष सुधीर अग्रवालको अध्यक्षतामा सम्पन्न भएको हो ।

## चिनीको मुल्यमा रु. १० ले बृद्धि

**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

चिनीको मुल्यमा बृद्धि भएको छ । खुद्रा बजारमा चिनीको मूल्य किलोमै २० रुपैयाँले महँगिएको छ ।

नेपाल खुद्रा व्यापार संघका अनुसार चिनीको खुद्रा मूल्य ९० रुपैयाँबाट बढेर ११० रुपैयाँ पुगेको छ । संघले सार्वजनिक गर्ने मासिक खुद्रा बजार मूल्य विवरणअनुसार २०७८ असारमा चिनीको मूल्य ९० रुपैयाँ किलो थियो । तर, ११ महिनाको समीक्षा अवधिमा चिनीको खुद्रा मूल्य ११० रुपैयाँ पुगेको संघकी तथ्यांक अधिकृत ज्योती थापाले बताइन् ।

संघका अनुसार सरकारले आफ्नो स्वमित्वको संस्थानलाई चिनी ल्याउन नदिएपछि व्यापरीले १० रुपैयाँले बढाएर एक सय रुपैयाँ पुगेको चिनीको मूल्य भारतले चिनी निर्यातमा रोक लगाए पछि थप १० रुपैयाँले बढेको हो ।

## सहिद दशरथ ठाकुर स्मृति प्रतिष्ठानद्वारा २५ जना विपन्न महिलालाई साडी वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २९ जेठ ।**

सहिद दशरथ ठाकुर स्मृति प्रतिष्ठान सप्तरीद्वारा विपन्न परिवारका महिलालाई साडी वितरण गरेको छ ।

सहिद दशरथ ठाकुरको १५ औं स्मृति दिवसको अवसरमा आइतवार प्रतिष्ठानले विपन्न तथा असहाय परिवारका महिलालाई साडी वितरण गरेको हो ।

स्मृति प्रतिष्ठान सप्तरीका अध्यक्ष कविता ठाकुरको अध्यक्षता तथा नेकपा (माओवादी केन्द्र)का केन्द्रिय सदस्य सुर्यनाथ यादवको प्रमुख अतिथ्यमा आयोजित कार्यक्रममा विपन्न तथा असहाय परिवारका महिलाहरुलाई साडी वितरण गरिएको हो ।

राजविराज नगरपालिका वडा नं. ७ र ८ का भोलीदेवी मुखिा, शान्तिदेवी रजक, भुलरीदेवी मण्डल, सोनारवतीदेवी मण्डल, अमलादेवी मण्डल लगायत विपन्न तथा असहाय परिवारका २५ जना महिलाहरुलाई साडी वितरण गरिएको संस्थाकी अध्यक्ष ठाकुरले बताइन् ।

कार्यक्रममा प्रमुख अतिथी यादवले गणतन्त्र सहिदहरुको वलिदानको कारण मुलुकमा गणतन्त्र आएको बताउँदै शाहीसत्ता परिवर्तन गर्न हजारौं सहिदहरु मध्ये सप्तरीका सच्चा वीर सपुत दशरथ ठाकुर आफनो ज्यानको बाजीखेलेर गणतन्त्र ल्याएको जिकिर गरे ।

सो अवसरमा पुर्व सांसद लक्ष्मी चौधरी, मधेस प्रदेश सांसद प्रमिला यादव, माओवादी केन्द्रका मधेस प्रदेश सदस्यद्वय महेशप्रसाद यादव, छेदी रजक, सहिद परिवारका रिता चौधरी, राजविराज ८ का अध्यक्ष जयनारायण मण्डल, राजविराज नपाका उपप्रमुखका प्रत्याशी प्रमिला साह, भुवनेश्वर पासवान, राम कुमार राय, सिहेंश्वर साह, पत्रकारद्वय देवराम यादव, दिनानाथ यादव लगायतले सहिद ठाकुरले पुऱ्याएको योगदानको वारेमा चर्चा गरेका थिए ।

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# अझै दुर्घटना न्युनिकरण हुन सकेन्

प्रहरीले दुर्घटना न्युनिकरणका लागि जनचेतना फैलाउने कार्य गरे पनि दुर्घटना न्युनिकरण हुन सकिरहेको छैन् । दुर्घटना भनेकै भवितब्य हो । यो कसैलाई भनेर वा जानी जानी हुने होइन् । यसका लागि आफै सचेत हुनु आवश्यक छ । तर, कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ । सप्तरीसहित मुलुकभर अहिले सडक दुर्घटना बढेको छ । बाटोघाँटोको समस्या त छदै छ त्यसमा पनि राम्रो बाटो हुने स्थानमा चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको पाइएको छ ।

अहिले जिल्लाका अधिकांश सडकहरु निर्माण वा मर्मतका क्रममा रहेका छन् । त्यसमा पनि निर्माण भइसकेका सडकहरुमा बढी दुर्घटना हुने गरेको छ । त्यसमा पनि मोटरसाइकलमा तीन जना सवार भएको दुर्घटना भएको सुन्न पाइन्छ । यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ ।

तसर्थ सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनाबाट जोगिन सकिन्छ । यसका लागि सवारीसाधन चलाउँदा चालक आफै सयमित हुनुका साथै सचेत पनि हुनुपर्दछ ।

# हदम्याद हटाउने कि बढाउने ?

काठमाडौँ, २९ जेठ (रासस) ।

यौनजन्य हिंसासम्बन्धी कसूरमा हदम्याद बढाउने कि हटाउने भन्ने प्रश्नले सदन र सडकलाई तताएको छ । गत हप्ताको सङ्घीय संसद्मा विधायिकाले बलात्कार मुद्दामा जाहेरी दिने हदम्याद राख्नुपर्ने, बढाउनुपर्ने र राख्नै नहुनेमा आ-आफ्ना भनाइ प्रस्तुत गर्नुभएको थियो ।

सडकमा भने यौन हिंसाजस्तो गम्भीर प्रकृतिको कसूरमा जाहेरी दिने हदम्याद राख्नै नहुने चर्को आवाज उठिरहेको छ । विशेषगरी महिला अधिकारवादी अगुवा तथा सङ्घसंस्थाले महिलाविरुद्धको हिंसा अन्त्य गर्न यौनजन्य हिंसासम्बन्धी कसूरमा हदम्याद हटाउनैपर्ने जिकिर गरिररहेका छन् । उनीहरूको तर्क छ, "संविधानमा 'महिलाविरुद्धको हिंसा दण्डीय' हुने उल्लेख छ । विद्यमान कानुनमा रहेको एकवर्षे हदम्याद संविधानसँग बाझिएकाले तत्काल खारेज गर्नुपर्छ", यो तर्क आफैँमा बलियो छ ।

सरकार प्रस्तावित सो विधेयकमा हदम्यादको प्रावधान पूरै हटाउने कि बढाउने भन्ने विषयमा 'पर्ख र हेर'को अवस्थामा देखिन्छ । तर उसको मुलुकी फौजदारी संहिताको दफा २२९ को हदम्यादसम्बन्धी व्यवस्थालाई संशोधन गर्ने चाहना देखिन्छ ।

गत शुक्रबारको प्रतिनिधिसभा बैठकले 'यौन हिंसाविरुद्धको केही ऐन संशोधन गर्ने विधेयक, २०७९' लाई सर्वसम्मतिले स्वीकृत गर्दै दफावार छलफलका लागि सम्बन्धित समितिमा पनि पठाएको छ । अब विषयगत समितिमा सरकारले ल्याएको विधेयक र सो विधेयकमाथि सांसदहरूद्वारा राखिएका संशोधन प्रस्तावमाथि घनिभूत छलफल हुनेछन् । कानुन निर्माणमा संसदीय परम्परा पनि यही नै हो । विधेयकलाई छिटो टुङ्गोमा पुऱ्याई पारित गराउने सरकारको मनशाय देखिन्छ ।

सदनमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले यौन हिंसासम्बन्धीका कसूरको हदम्यादका सम्बन्धमा आफू मन्त्री भएदेखि नै अध्ययन गर्न नेपाल कानुन आयोगलाई प्रतिवेदनका लागि अनुरोध गरिएको र सोही प्रतिवेदनलाई समेत मध्यनजर गर्दै हदम्यादको प्रावधानलाई आवश्यक सुधार गरिने जवाफ दिनुभएको थियो । उहाँले सांसदहरूको जिज्ञासामा भन्नुभएको थियो, "हदम्याद बढाउँदा र हटाउँदा सकारात्मक-नकारात्मक परिणामलाई समेतलाई ख्याल गर्नुपर्छ ।"

मुलुकी फौजदारी संहिताको परिच्छेद १८ अनुसार हाडनाता करणीमा जहिलेसुकै उजुरी लाग्छ । यसमा उजुरीको हदम्याद छैन । तर हाडनाता बाहिरको हकमा बलात्कार, यौनजन्य हिंसा र दुर्व्यवहारमा घटना भएको एक वर्षभित्र उजुरी गर्नुपर्छ । नाबालिगको हकमा बालिग (१८ वर्ष भएपछि) एक वर्षभित्र र अन्यको हकमा एक वर्षभित्र उजुरी गरिसक्नुपर्ने प्रचलित कानुनी व्यवस्था छ । हदम्याद नाघेर दिइएको उजुरीमाथि कारबाही हुँदैन ।

यौनजन्य हिंसाका हदम्याद कानुनमा विश्वका विभिन्न देशमा आ-आफ्नै अभ्यास छन् । क्यानडा, साइप्रस, घाना, हङ्गेरी, जमैका, मालदिभ्स, म्यानमार, पाकिस्तान, नेदरल्याण्ड, दक्षिण अफ्रिका र मौरिससलगायत देशमा यौन हिंसासम्बन्धी मुद्दाका लागि कुनै हदम्याद लाग्दैन । भारतमा तीन वर्षभन्दा माथिको कसूर छ भने हदम्याद नहुने भन्ने छ । अमेरिकामा प्रान्तपिच्छे फरक प्रावधान छ । त्यहाँको ३० भन्दा बढी प्राप्तमा हदम्याद नलाग्ने भन्ने छ भने बेलायतमा यौन हिंसाजस्तो गम्भीर प्रकृतिको कसूरमा हदम्याद लाग्दैन । बेलायतमा पछिल्लो समय 'समयले अपराधबाट उन्मुक्ति पाउँदैन' (क्राइम डु नट रन अगेन्स्ट टाइम) नयाँ सिद्धान्त प्रतिपादन भएको बताइएको छ ।

**यसकारण आवश्यक छ हदम्याद हटाउन**

संविधानको भावना र मर्मअनुसार बलात्कार मुद्दामा जाहेरी दिने हदम्याद अर्थात् समयसीमा राखिनु हुँदैन । अर्कोतर्फ हदम्याद हटाउन नेपाललाई धेरै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र हस्ताक्षरले पनि बाध्य बनाएको छ । नेपालले महिलाविरुद्ध हुने सबै प्रकारको भेदभावविरुद्धको महासन्धिलाई पनि अनुमोदन गरेको छ । यसमा पनि भेदभावविरुद्ध नेपाललाई सन् २०२२ सम्ममा 'हदम्याद हटाउ' भनेर सुझाव दिएको छ । यस्तै सन् २०२५ भित्रमा पूरा गर्ने लक्ष्यका साथ संयुक्त राष्ट्रसङ्घले गठन गरेको 'जेनेरेशन इक्वाइली फोरम' (जिइएफ)मा पनि नेपालका विभिन्न सङ्घसंस्थाले ऐक्यबद्धता जनाइसकेका छन् ।

प्रतिनिधिसभामा गत सोमबारको 'यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९' माथिको सैद्धान्तिक छलफलमा आफ्नो धारणा राख्ने क्रममा नेपाली कांग्रेसका सांसद गगन थापाले बलात्कार मुद्दाको हदम्यादको व्यवस्था पुनरावलोकन गर्नुपर्ने भनाइ राख्नुभयो । कांग्रेसका महामन्त्रीसमेत रहनुभएका सांसद थापाले भन्नुभयो, "हदम्याद कम भयो भन्नेमा छौँ । यसमा पुनःविचार गर्नुपर्छ ।"

महिला, कानुन र विकास मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठ संविधान कार्यान्वयन गर्न र नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएको विभिन्न प्रतिबद्धतालाई कार्यान्वयन गर्न यौनजन्य हिंसासम्बन्धी कसूरमा हदम्याद हटाउन आवश्यक औँल्याउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हदम्यादको सम्बन्ध कसूरको गाम्भीर्यसँग हुन्छ । जबर्जस्ती करणीमा एक वर्षमा उजुरी आयो भने जघन्य अपराध हुने, त्यो नाघ्यो भने उजुरी पनि नलाग्ने अवस्था छ । त्यो आफैँमा मिल्दो छैन । सजाय र हदम्यादको अनुपात जबर्जस्ती करणीको कसूरमा मिलेको छैन । जबर्जस्ती करणीसम्बन्धी आज घटना भएको छ, भोलिपल्टै उजुरी पर्छ भन्ने हुँदैन ।" हाडनाता करणीमा हदम्याद लाग्दैन, प्रमाण सङ्कलनमा समस्या हुँदैन भने जबर्जस्तीमा किन समस्या हुन्छ ? उहाँ प्रश्न गर्नुहुन्छ ।

राष्ट्रिय महिला आयोगको पछिल्लो प्रतिवेदनका अनुसार मुलुकमा हुने महिला हिंसामध्ये ७० देखि ८० प्रतिशत घटना आफन्त, चिनजान र परिवारका सदस्यबाट हुने गरेको छ । भिजिबल इम्प्याक्टका अध्यक्ष मेधा शर्मा भन्नुहुन्छ, "लैङ्गिक हिंसा अन्त्यका लागि सामूहिक प्रयत्नको आवश्यक छ । नेपालले अन्तर्राष्ट्रिय फोरमहरूमा जनाएका प्रतिबद्धता कार्यान्वयन गर्नुपर्छ ।"

**नेपालमा लैङ्गिक हिंसाका घटना उच्च**

नेपाल जनसाङ्ख्यिक एवं स्वास्थ्य सर्भे २०१६ का अनुसार नेपालमा लैङ्गिक हिंसाका घटना उच्च छन् । पन्ध्रदेखि ४९ वर्ष उमेर समूहका प्रत्येक पाँच महिलामध्ये एक जनाले १५ वर्षको उमेरदेखि शारीरिक हिंसा अनुभव गरेको पाइएको छ भने चार विवाहिता महिलामध्ये कम्तीमा एक जनाले श्रीमान्बाट शारीरिक, यौनिक वा भावनात्मक हिंसाको अनुभव भोग्ने गरेका छन् । श्रीमान्-श्रीमतीबीचको हिंसाको सामान्य प्रकारमा शारीरिक हिंसा (२३ प्रतिशत) र भावनात्मक हिंसा (१२ प्रतिशत) छन् ।

शारीरिक र यौनिक हिंसा अनुभव गर्नेहरूमध्ये ६६ प्रतिशतले आफूले भोगेका हिंसा प्रतिरोध गर्न वा रोक्नका लागि कसैको सहयोग खोज्ने वा कसैलाई भन्ने गरेको पाइँदैन । यस्ता डरलाग्दा तथ्याङ्कहरूलाई मौनताको संस्कृति र लैङ्गिक हिंसामा आधारित सही तथ्याङ्क उत्पन्न गर्न कति गाह्रो छ भन्ने कुरालाई रुढीवादी अनुमानका रूपमा लिइन्छ ।

**संशोधन दर्ता**

'यौन हिंसाविरुद्धको केही ऐन संशोधन गर्ने विधेयक, २०७९' मा हदम्यादको व्यवस्था हटाउन संसद् सचिवालयमा संशोधन दर्ता भएका छन् । सचिवालयका अनुसार सत्ता साझेदारी र प्रतिपक्ष दुवै दलका सांसदले अलग-अलग संशोधन दर्ता गराउनुभएको हो ।

नेपाली कांग्रेसका सांसद गगन थापासहित १३ जनाले मुलुकी फौजदारी संहिताको दफा २२९ मा रहेका सबै प्रकारका करणाी कसूरमा जाहेरीको हदम्याद नराख्न संशोधन दर्ता गराउनुभएको जनाइएको छ । सोही पार्टीका सांसद मीन विश्वकर्माले परिस्थिति हेरी दण्ड र उजुरी गर्ने हदम्यादलाई वर्गीकरण गर्न प्रस्ताव गर्नुभएको छ भने नेकपा (माओवादी केन्द्र)का सांसद रेखा शर्मासहित पाँच जनाले दर्ता गराउनुभएको संशोधनमा नाबालिगको हकमा भएको करणी कसूरमा बालिग भएको पाँच वर्षलाई हदम्याद राख्न प्रस्ताव गरिएको बताइएको छ ।

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का सांसद बिन्दा पाण्डेसहित आठ जनाले बलात्कार मुद्दाको मौजुदा हदम्यादको व्यवस्था पूर्ण हटाउन संशोधन राख्नुभएको छ । संशोधनमा भनिएको छ, "मुलुकी फौजदारी संहिताको दफा २२९ को हदम्याद व्यवस्था सबै बलात्कारको मुद्दामा राखिनु हुँदैन ।" यसैबीचमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यौनजन्य दुर्व्यवहार (पहिलो संशोधन) २०७८ संशोधन गर्न लागेको जनाएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# किसानलाई मल र विद्यार्थीलाई पुस्तक उपलब्ध गराउन माग

काठमाडौं, २९ जेठ (रासस)।

खेतीको समयमा पनि किसानले मल नपाएको र शैक्षिकसत्र सुरु भएको लामो समय बितिसक्दासमेत विद्यार्थीले पुस्तक नपाएको भन्दै सांसदहरूले तत्काल समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकको शुन्य समयमा बोल्ने अधिकांश सांसदले किसानले मल बीउ नपाएको र विद्यार्थीले पुस्तक नपाएको भन्दै यथाशीघ्र किसानलाई मल र विद्यार्थीलाई पुस्तक उपलब्ध गराउन माग गर्नुभयो।

सांसद लक्ष्मीकुमारी चौधरीले अहिले अनलाइनका समयमा पनि विद्यार्थीलाई किताब दिन नसक्नु विडम्बनापूर्ण भएको र यसले राज्यको प्राथमिकतामा विद्यालय नपरेको शङ्का उब्जाएको भन्दै तत्काल समस्या समाधन गर्न माग गर्नुभयो।

उहाँले किसानलाई मलखाद उपलब्ध गराउन पनि आग्रह गर्नुभयो। सांसद लक्ष्मी परियारले विद्यार्थी पुस्तकविनै कहिलेसम्म विद्यालय धाउनुपर्ने भन्दै बालबालिकाले चाँडो किताब पाउने वातावरण बनाउन शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

उहाँले कृषकलाई मल र बीउ उपलब्ध गराउन सरकारसमक्ष माग गर्नुभयो। सांसद लालप्रसाद साँवा लिम्बूले जन्मसिद्ध नागरिकता प्राप्त नागरिकका छोराछोरीले उमेर पुगेर पनि नागरिकता नपाएर उनीहरू लाइसेन्स, प्रवेशाषाज्ञालगायत महत्वपूर्ण कागजातबाट बञ्चित हुनुपरेको भन्दै तत्काल संसद्मा विचाराधीन नागरिकता विधेयकलाई अघि बढाउन माग गर्नुभयो। सांसद विद्या भट्टराईले विपद् र प्रकोपजन्य घटना नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण ध्यानाकर्षण गराउनुभयो।

सांसद बीनाकुमारी श्रेष्ठले जुन १२ विश्व बालश्रम उन्मूलन दिवसका सन्दर्भमा शुभकामना व्यक्त गर्दै रेस्टुरेन्ट तथा घरेलु कामदारका रूपमा बालश्रम शोषण भइरहेको भनी बालश्रम उन्मूलनका लागि सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो।

सांसद विमला विश्वकर्माले हात्ती प्रभावित क्षेत्रका जनताको समस्या समाधान गर्न तत्काल हात्ती नियन्त्रणका लागि बजेट विनियोजन गर्न माग गर्नुभयो। उहाँले बालश्रमको पूर्ण अन्त्यका लागि सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुभयो।

सांसद बीनादेवी बुढाथोकीले सरकारद्वारा हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा कृषि तथा किसानलाई प्राथमिकता दिँदै आएको भए पनि अहिले खेतीका समयमा किसानले मल नपाएर सास्ती व्यहोर्नु परेको भन्दै समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद विन्दा पाण्डेले नागरिकता विधेयक दुई वर्षदेखि संसद्मा विचाराधीन रहेकाले नागरिकले नागरिकता पाउन नसकिरहेको भन्दै नागरिकताविहीन नागरिकको अधिकार सुनिश्चितताका लागि उक्त विधेयक तत्काल अघि बढाउन माग गर्नुभयो।

सांसद विशाल भट्टराईले खोटाङको फोक्सिङटारस्थित सुनकोसीको पुल निर्माण शीघ्र सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद विष्णु शर्माले घोराहीको नेत्रलाल मार्गको कालोपत्र गर्न बजेटको व्यवस्था गर्न माग गर्नुभयो। उहाँले कालापानी, लिपुलेकलगायत सीमाका पीडित जनताको मर्काको सुनुवाइ हुनुपर्ने माग गर्नुभयो।

सांसद शक्तिबहादुर बस्नेले गत शुक्रबार जाजरकोटमा भएको जीप दुर्घटनामा मृतक भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै यस्ता किसिमका दुर्घटना न्यूनीकरणका लागि सडक स्तरोन्नति गर्न माग गर्नुभयो। उहाँले मनसुन सुरु भएकाले विपद् जोखिमका घटना न्यूनीकरणको तयारीमा जुट्न सरकारको ध्यानाकर्षण गर्नुभयो।

सांसद शेरबहादुर तामाङले विभिन्न प्रकोपजन्य घटनाका कारण सिन्धुपाल्चोकलाई सरकारले सङ्कटग्रस्त जिल्ला घोषणा गरेको र विश्वबैंकबाट करिब रु छ अर्ब पैसा आएको भए पनि पीडितले न्याय नपाएको भन्दै जिल्लाका नाममा आएको पैसा जिल्लामै खर्च गर्ने वातावरण सिर्जना गर्न सरकारसमक्ष माग गर्नुभयो।

सांसद सत्या पहाडीले कर्णालीका जनतालो अझै पनि सडक र बिजुलीको आधारभूत सेवा पाउन नसकेको बनेका सडक पनि स्तरीय नभएको भन्दै सरोकारवाला निकायको ध्यानाकर्षण गर्नुभयो।

सांसद समीन हुसेनले हजीलाई डबल दस्तुर लिएर हज गर्न कसले पठाएको भनी प्रश्न गर्दै नागरिकता नपाएर नागरिकले कहिलेसम्म पीडा भोग्ने भन्दै जवाफ माग गर्नुभयो।

सांसद सरवतआरा खानमले मुस्लिम समुदायलाई हजमा जान लगाएको आर्थिक भार कम गर्न र सहज बनाउन तथा हजयात्रीलाई अनुदान उपलब्ध गराउन सरकारसमक्ष माग गर्नुभयो।

सांसद सरलाकुमारी यादवले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलपछिको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा तीन दशक पहिलादेखि बाराको निजगढमा प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना निर्माणमा ढिलाइ गरिएको र विमानस्थल निर्माणमा भाँजो हाल्न देशीविदेशी तत्वले भूमिका खेलिरहेको भन्दै छिटोभन्दा छिटो निर्माण प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

*बाँकी अन्तिम पृष्ठमा*

टे.फा० न ३१-५४०१११

श्री माध्यमिक विद्यालय खोकसर प्रवाहा, सप्तरी
शम्भूनाथ नं. पा.-१, सप्तरी
(स्था.-२०१७)
प्रदेश नं.-२

**बिज्ञापन** मिति: २०७९/०२/३०

प्रस्तुत बिषयमा शम्भुनाथ न. पा. शिक्षा,युवा तथा खेलकुद शाखा कठौना सप्तरीको च.नं.२८० मिति २०७८/१०/१० गतेको पत्रवाट यस विद्यालयलाई प्राप्त मा. वि. शिक्षण शिकाई अनुदान कोटा २ मा शिक्षा,युवा तथा खेलकुद शाखा कठौनांले विज्ञापनको लागी अनुमति समेत दिइएकोले शिक्षक छनौट समितिको मिति २०७९/०२/२९ गतेको निर्णय अनुसार यस बिद्यालयमा मा..बि. तहको अनुदान कोटामा करारमा शिक्षक पदपुर्ती गर्नु पर्ने भएकोले तपसील अनुसारको योग्यता पुगेका उम्मेदवारहरुले १५ दिन भित्र यस बिद्यालयमा आबेदन दिन् हुन् अनुरोध छ।

१.बिज्ञापन नं. १/२०७८/२०७९
२.पद संख्या :-१ (एक) ३.पद :- मा.वि. अनुदान कोटा शिक्षक करार
४.आबेदन दस्तुर :- २१०५। ५. विषय :- गणित
६..शैक्षिक योग्यता:- बी.एस.सी वा गणित विषय लिएर बी.एड. उतिर्ण गरेको।


१.बिज्ञापन नं. २/२०७८/२०७९
२.पद संख्या :- १ (एक) ३.पद :- मा.वि.अनुदान कोटा शिक्षक करार
४.आबेदन दस्तुर :- २१०५। ५. विषय :- अंग्रेजी
६.शैक्षिक योग्यता:- अंग्रेजी विषय लिएर बी.एड उतिर्ण गरेको।

७.आवेदन साथ सलग्न गर्नु पर्ने कागजातहरु –:
क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको फोटो कपी २ प्रति।
ख) नेपाली नागरीकताको फोटो कपी २ प्रति।
ग) अध्यापन अनुमतिपत्रको फोटो कपी २ प्रति।
घ) हाल सालै खिचिएको फोटो ३ प्रति।
ड.) सेवा सुविधा नेपाल सरकारको निकाशा वमोजिम हुने छ।
८. आवेदन दिनुपर्ने समय तथा स्थान:- विद्यालय संचालन समय मा. वि खोकसर प्रवाहा।
९. आवेदन दिने मिति २०७९/०२/३० गते देखि मिति २०७९/०३/१३ गते सम्म।
१०. सम्पर्क मिति २०७९/०३/१४ गते विद्यालय संचालन समय।
११. आवेदन दस्तुर यस विद्यालयको रा. वा. बैंक राजविराजमा रहेको च. हि. न. २१८०१००००१५६९००१ मा जम्मा गरी सो को सक्कल भौचर पेस गर्नुपर्ने वा नगद विद्यालयमा बुझाउनु पर्ने।
१२. आवेदन फारम बापत रकम रु. २००। उक्त रकम विधालयमा फारम लिने समय बुझाउनु पर्नेछ।

नोट: आवेदकहरुको लागी विधालय विदा भएको दिन पनि खुल्ला रहने छ।

योगेन्द्र प्रसाद साह
सदस्य सचिव
शिक्षक छनौट समिति

योगेन्द्र प्रसाद साह
प्रधानाध्यापक
श्री मा.वि. खोकसर प्रवाहा

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### युक्रेनलाई थप सैन्य सहयोग उपलब्ध गराउने बृटिश रक्षामन्त्रीको भनाइ

किभ, २९ जेठ (रासस/सिन्ह्वा)।

बृटिश रक्षामन्त्रीले युक्रेनलाई थप सैन्य सहयोग उपलब्ध गराइने बताउनुभएको छ।

बेलायती रक्षामन्त्री बेन वालेसले शनिबार सो प्रतिबद्धता सार्वजनिक गर्नुभएको विभिन्न विदेशी सञ्चारमाध्यमले जनाएका छन्।

हाल बेलायतको भ्रमणमा रहनुभएका युक्रेनका रक्षामन्त्रीसँगको भेटघाटपछि बृटिश रक्षामन्त्री वालेसले सो कुराको जानकारी दिनुभएको हो।

शनिबार उहाँहरुबीच भएको भेटकाक्रममा हालैका दिनमा युक्रेनको अवस्थाको बारेमा युक्रेनी रक्षामन्त्रीले जानकारी गराउनुभएको थियो।

अहिले पनि युक्रेनलाई बेलायतले सैन्य सहयोग दिइरहेको र यसलाई आगामी दनमा थप गरिने बृटिश रक्षामन्त्री वालेसले जानकारी दिनुभएको हो।

अहिले पनि युक्रेनमा रुसको हमला जारी नै रहेको भन्दै युक्रेनका रक्षामन्त्री ओलेक्सी रेनिकोभले रुससँग संघर्ष गर्नका लागि थप शक्तिशाली हतियार आवश्यक रहेको सो भेटमा बताउनुभएको थियो।

युक्रेनी रक्षमन्त्रीको यो आग्रहपछि बृटिश रक्षामन्त्री वालेसको यो प्रतिक्रिया आएको हो। गत महिना मात्र बेलायती प्रधानमन्त्री बोरिस जोनसनले युक्रेनको भ्रमण गर्नुभएको थियो।

त्यस भ्रमणका क्रममा बृटिश प्रधानमन्त्री जोनसनले बेलायतले युक्रेनका लागि १.६ बिलियन अमेरिकी डलर बराबरको सैन्य सहायता उपलब्ध गराउने घोषणा गर्नुभएको थियो।

### पश्चिमी युक्रेनमा रुसी आक्रमण जारी, २२ घाइते

किभ, २९ जेठ (रासस/एएफपीं)।

रुसले युक्रेनी सहर चोरटकिभमा आक्रमण गर्दा कम्तीमा २२ घाइते भएका क्षेत्रीय गभर्नरले आइतबार जनाउनुभएको छ। देशको पश्चिममा पर्ने क्षेत्रमा कम मात्र आक्रमण भएको जनाइएको छ। 'हिजो स्थानीय समयानुसार साँझ १९:४६ मा चारवटा क्षेप्यास्त्र प्रहार भएको थियो। ती सबै ब्ल्याक सीबाट प्रहार गरिएको भोलोडिमिर ट्रसले फेसबुक जानकारी दिएको छ'। सबै घाइतेलाई अस्पतालमा भर्ना गरिएको छ।

### राष्ट्रपति पुटिनद्वारा इसीएचआर निर्णयको पालना नगर्ने कानूनमा हस्ताक्षर

मस्को, २९ जेठ (रासस-सिन्ह्वा)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुसले मानवअधिकारको युरोपेली अदालत (इसीएचआर)को निर्णयको पालना नगर्ने कानूनमा हस्ताक्षर गरेको क्रेमलिनले शनिबार जनाएको छ।

कानूनअनुसार रूसले युरोपेली काउन्सिलबाट बाहिरिने घोषणा गर्दा मार्च १५ पछि अपनाइएको इसीएचआर नियमहरू पालना गर्नेछैन।

साथै, ईसीएचआरद्वारा मूल्याङ्कन गरिएको क्षतिपूर्ति रूबलमा मात्र बनाइनेछ र रूसी बैंकहरूका खातामा मात्र हस्तान्तरण गरिनेछ। उक्त विधेयक फेडरेशन काउन्सिल वा रुसी संसद्को माथिल्लो सदनले बुधबार स्वीकृत गरेको हो।

### उत्तर अफगानिस्तानमा प्रमुख आतङ्ककारीसहित आठको मृत्यु

काबुल, २९ जेठ (रासस-सिन्ह्वा)।

उत्तरी तखार प्रान्तमा विद्रोहीका एक प्रमुख कमाण्डरसहित आठ विद्रोहीको मृत्यु भएको पुष्टि भएको तालिवान नियन्त्रित प्रशासनका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदले उल्लेख गरेका छन्।

"तखारको प्रान्तीय राजधानी तालुकान शहरको पुलिस चार जिल्लामा गुप्तचर महानिर्देशनालयको विशेष अपरेसनको क्रममा, प्रमुख कमाण्डर युनुस उजबेकिस्तानीसहित आठ विद्रोही मारिएको र उनीहरू लुकेको ठाउँ शनिबार नष्ट गरिएको मुजाहिदले ट्वीट गरेका छन्।

यसैबीच, प्रान्तीय प्रहरी प्रवक्ता अब्दुल मुबिन साफीले घटनाको पुष्टि गर्दै शनिबार दिउँसो तालुकान शहरमा भएको कारबाहीमा आठ सशस्त्र विपक्षी मारिएको र तीन जना घाइते भएको बताएका छन्।

यद्यपि अधिकारीले सुरक्षाकर्मीको हताहती भए नभएको बारे भने केही बताएनन्। स्थानीयवासीका अनुसार यस कारबाहीमा सुरक्षाकर्मीलाई पनि क्षति पुगेको थियो तर सरकारी सेनाको सम्भावित क्षतिबारे अधिकारीले अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन्। ठूलो संख्यामा दुःखद आक्रमण देखेको" विज्ञप्तिमा जनाइएको छ।

# स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग

काठमाडौं, २९ जेठ (रासस)।

प्रतिनिधिसभाका सांसदहरूले स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग गरेका छन्।

आर्थिक वर्ष २०७९/८० को बजेटको विभिन्न शीर्षकमाथि मन्त्रालयअन्तर्गतको छलफलका क्रममा दलीय आधारमा सांसद डा भीम रावलले भारतसँग जोडिएका सिमानाका बारेमा सरकारको जवाफ माग गर्नुभयो।

उहाँले नेपाललाई शान्ति क्षेत्र घोषणा गरिनुपर्ने र संविधानविपरीत कुनै पनि गतिविधि गर्न नहुनेमा जोड दिनुभयो। सांसद खगराज अधिकारीले सहरी विकासमन्त्रीले कास्कीको पोखरामा सबै बजेट कटौटी गरिएको उल्लेख गर्दै स्वास्थ्य क्षेत्रमा बजेटको कमी भएको तथा जनताको स्वास्थ्यप्रति सरकार गम्भीर नभएको बताउनुभयो।

उहाँले भन्नुभयो, “स्वास्थ्य बीमाका लागि दीर्घ रोगका लागि आवश्यकभन्दा बजेट विनियोजन गरिएको छ, सामाजिक स्वास्थ्य बीमालाई सरकारले जोड दिनुपर्छ।” पोखरामा रहेको मणिपाल मेडिकल कलेज निजीकरण गर्न नहुने उहाँको भनाइ छ।

सांसद शक्तिबहादुर बस्नेतले परराष्ट्र नीति र सुरक्षा नीतिका बारेमा सरकारको प्रष्ट धारणा हुनुपर्ने माग गर्नुभयो। उहाँले जोखिमपूर्व सदरमुकामका बारेमा बजेटले ध्यान दिन नसकेको बताउनुभयो।

सांसद रेणुका गुरुङले फोहर व्यवस्थापनको दीर्घकालीन समाधान खोज्नुपर्ने माग गर्दै भूमिहीन तराईका डोम समुदायलाई जग्गा तथा आवासको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद अनिलकुमार झाले सुरक्षित नागरिक आवास कार्यक्रमको आवश्यकता औँल्याउँदै जनता आवास कार्यक्रमअन्तर्गत दलित समुदायलाई भनिए पनि उनीहरूले पाउन नसकेको बताउनुभयो।

स्वास्थ्य बीमा ऐनका आधारमा स्वास्थ्य बीमाको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ। सांसद कृष्णप्रसाद दाहालले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधानका निम्ति अनुगमनको आवश्यकता औँल्याउनुभयो।

सांसद सत्यनारायण शर्मा खनाल, सत्या पहाडी, लक्ष्मी परियार, सरलाकुमारी यादव, लक्ष्मीकुमारी चौधरी, लीलादेवी सिटौलालगायतले विनियोजन शीर्षकमाथि धारणा राख्नुभएको थियो।

# सवारी दुर्घटनामा एकको मृत्यु, ६ जना घाइते

**दैनिक समाचारदाता**
**सुनसरी, २९ जेठ।**

सुनसरीको कोसी गाउँपालिका ५ मा आइतबार सवारी दुर्घटना हुँदा एकको मृत्यु भएको छ भने ६ घाइते भएका छन्।

मृत्यु हुनेमा कोसी गापा ७ का पैदलयात्री १८ वर्षीय श्रवणकुमार मेहता छन्।

को २ च ३९९२ नम्बरको जिपले पैदल हिँडिरहेका मेहतालाई ठक्कर दिई मेहता गम्भीर घाइते भएको र जिप अनियन्त्रित भई सडक छेउको रुखमा गएर ठोकिएको थियो।

जिपको ठक्करबाट गम्भीर घाइते भएका मेहताको उपचारको क्रममा विराटनगरस्थित विराट नर्सिङ होममा मृत्यु भएको प्रहरीले जनाएको छ।

यता दुर्घटनामा घाइते भएका जिप चालकसहित छ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ। घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# थप १९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ जेठ।**

पछिल्लो २४ घण्टामा थप १९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार २ हजार १६२ जनाको पीसीआर परीक्षणमा ११ जना र १ हजार २९१ जनाको एन्टीजेन परीक्षणमा ८ जना गरी १९ जनामा संक्रमण पुष्टि भएको हो।

पछिल्लो २४ घण्टामा कोरोनाबाट १२ जना निको भएका छन् भने हाल देशभर १०६ जना सक्रिय संक्रमित रहेका छन्। जसमध्ये १०५ जना होम आइसोलेसनमा रहेका छन्।

आइतबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ११ लाख १९ हजार ६०० पुगेको छ। योसँगै नेपाल मृत्यु हुनेको संख्या ११ हजार ९५२ पुगेको छ भने ९ लाख ६७ हजार २०४ जना संक्रमणमुक्त भएका छन्।

# बजेट कार्यान्वयनमा सबैको सामूहिक पहल आवश्यक : अर्थमन्त्री

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ जेठ।**

अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमा प्रश्न उठेको भन्दै हरेक क्षेत्रले आफ्नो ठाउँबाट योगदान दिनुपर्नेमा जोड दिएका छन्।

आइतबार काठमाडौंमा आयोजित आइएमई लिमिटेडको २२ औं वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री शर्माले बजेट कार्यान्वयनमा सबैको सामूहिक पहलका लागि आग्रह गरेका हुन्।

विप्रेषण वैधानिक प्रणालीमार्फत भित्र्याउन सरकार लागिपरेको भन्दै उनले अवैधानिक गतिविधिलाई नियन्त्रण गर्न आइएमई जस्ता संस्थाले विशेष ध्यान दिनुपर्ने पनि बताए।

अर्थमन्त्री शर्माले हुन्डीको कारोबार अझै पनि व्यापक रहेको भन्दै यसलाई रोक्न आइएमई जस्ता रेमिट कम्पनीले काम गर्नुपर्ने बताएका हुन्।

आइएमई लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाल संस्थाले मात्रै बार्षिक झण्डै खर्ब बराबर विप्रेषण भित्र्याउँदै आएको जानकारी दिँदै यसलाई उत्पादनमूलक क्षेत्रमा लगाउनुपर्नेमा जोड दिभस्ए। अध्यक्ष ढकालले आफ्नो कम्पनीले प्रत्यक्षरुपमा ४० हजारलाई रोजगारी दिएकोसमेत जानकारी दिए।

## *किसानलाई मल र...*

सांसद डा सूर्यप्रसाद पाठकले गृह मन्त्रालयले २०५२ सालमा दलित समुदायका नागरिकले चाहेमा गैर दलितसँग मिल्ने थर नागरिकतामा राख्न चाहेमा पाउने व्यवस्था गरेको भए पनि नागरिकता र शैक्षिक प्रमाणपत्रमा फरक थर परेकाले दुवैमा एकरुपता ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद हिरा विकले खोटाङको साकेल गाउँपालिकाको सडक बाटो अलपत्र अवस्थामा रहेको र सवारीसाधन सहजरूपमा सञ्चालनको वातावरण सिर्जना गर्न माग गर्नुभयो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · CITY EXPRESS · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*